# भरतपुर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## भरतपुर, चितवन
## ३ नं. प्रदेश, नेपाल

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन २०७३

प.सं. २०७६/०७७ श. पू. वि. म
च.नं. २६९८

मिति २०७६/०९/१

विषय : उपभोक्ता समिति गठन सम्बन्धमा ।

श्री वडा कार्यालय (सबै )
भरतपुर महानगरपालिका ।

प्रस्तुत विषयमा यस भरतपुर महानगरपालिकाको आ. व २०७६/७७ को स्वीकृत नगर विकास योजनामा समावेश भएका नगरस्तरीय आयोजनाहरु सञ्चलान गर्नको लागि मिति २०७६/०९/१५ सम्म उपभोक्ता समिति गठन गरी सम्झौता गरि सक्नु पर्ने अन्यथा टेन्डर प्रक्रिया मार्फत कार्यान्वयन गर्ने भनि मिति २०७६/०८/०५ मा वसेको ३५ औं कार्यपालिका वैठक निर्णयको बुँदा नं ५.३ मा निर्णय भए बमोजिम गर्नु गराउनु भई योजना तथा वजेट शाखामा जानकारी गराउन आदेशानुसार अनुरोध छ ।

२०७६/९/१

.............................
असीम रेग्मी
योजना अधिकृत

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

Scanned by CamScanner

## १४औं कार्यपालिका बैठकका निर्णयहरू (२०७६ मंसिर ५)

१. पाँचौं नगरसभा मिति २०७६ पौष १३ देखि शुरु गर्नेगरी विधेयकहरूको मस्यौदा तयारी तथा पुरक बजेट तर्जुमा लगायतका कार्य अगाडि बढाउने निर्णय गरियो ।

२. कार्यविधि/निर्देशिका

२.१. विज्ञापन कर निर्देशिका, २०७६ को मस्यौदामा छलफल गर्दा सुझाव अनुरुप संशोधन गरी पारित गर्ने निर्णय गरियो ।

२.२. बालबालिकाको हकहित सम्बन्धमा व्यवस्था गर्न बनेको स्थानीय बालअधिकार कार्यविधि, २०७६ को मस्यौदा सम्बन्धमा छलफलबाट आएका सुझावहरू समेत समावेश गरी परिमार्जनसहित पारित गर्ने निर्णय गरियो ।

२.३. आवासीय बालगृह संचालन मापदण्ड, २०७६ को मस्यौदा उपर छलफल भई प्राप्त सुझावहरू समेत समावेश गरी परिमार्जनसहित पारित गर्ने निर्णय गरियो ।

३. भरतपुर मेट्रो प्लाजा, अटो ल्याण्ड र नारायणी नदी विकास आयोजनाहरूको सम्बन्धमा विभिन्न समितिमा भएका छलफल अनुसार नै भरतपुर महानगरपालिका, नगर विकास कोष र निजी क्षेत्रको संयुक्त लगानीमा निर्माण कार्य अगाडि बढाउने निर्णय गरियो ।

४. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जटिल प्रविधि अपनाउनु पर्ने तथा Grader, Loader, Bitumen प्रयोग गरी गरिने निर्माण कार्य उपभोक्ता समितिबाट नगराउनु भनी भएको परिपत्र सम्बन्ध जानकारी गराइयो ।

५. आर्थिक अनुशासन कायम गर्न तथा योजना कार्यान्वयलाई सुनिश्चत गर्ने सम्बन्धमा देहायबमोजिम गर्ने निर्णय गरियो:

५.१. हरेक आर्थिक वर्षको समाप्तिसँगै सो आ व को बजेट स्वत फ्रिज हुने ।

५.२. गत आ.व. २०७५/७६ को भुक्तानी दिन बाँकी आयोजनाहरूको रकम २०७६ मंसिर मसान्त पछि भुक्तानी नगरी पुरक बजेटमा समावेश गर्ने ।

५.३. चालु आर्थिक वर्ष २०७६/७७ मा उपभोक्ता समितिबाट संचालन हुने आयोजनाको हकमा २०७६ पुष १५ गते भित्र सम्झौता गरिसक्ने । सो अवधिभित्र उपभोक्ता समितिसँग सम्झौता नभएमा टेन्डर प्रक्रिया मार्फत कार्यान्वयन गर्ने ।

६. विभिन्न पदमा कार्यरत प्राविधिक कर्मचारीको सम्बन्धमा देहायबमोजिम निर्णय गरियो:

प्रमुख